# सप्तकोशी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः- ६ संख्याः १३ मितिः २०८१ साल

## भाग- २

## सप्तकोशी नगरपालिका

**सप्तकोशी नगरपालिकाको कर्मचारी कल्याणकारी कोष सञ्चालन कार्यविधि, २०८१**

**आज्ञाले,**
रामदेव चौधरी
प्रमुख प्रशासकीय
अधिकृत

## सप्तकोशी नगरपालिका

*प्रमाणीकरण मितिः २०८१/०८/०९*

# कर्मचारी कल्याणकारी कोष सञ्चालन कार्यविधि, २०८१

## प्रस्तावना

नगरपालिकाको आन्तरिक स्रोतबाट तलब सुविधा प्राप्त गर्ने गरी नगरपालिकाद्वारा करार सेवामा नियुक्त भई नगरपालिका तथा अन्तरगतका वडा कार्यालय, शिक्षण सिकाइ उत्प्रेरक कार्यविधि, २०७७ र विज्ञान प्रयोगशाला प्राविधिक सहायक कार्यविधि, २०८१ बमोजिम विद्यालय, स्वास्थ्य संस्थाहरूमा कार्यरत कर्मचारीहरूको करार समाप्ति वा अवकाश पछि एकमुष्ठ रूपमा केही रकम सुविधाको रूपमा प्रदान गरी कर्मचारीलाई प्रोत्साहित गर्न तथा सेवा पछिको भविष्य सुनिश्चित गर्न कल्याणकारी कोष स्थापना गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कर्मचारी कल्याणकारी कोष स्थापना गर्न सप्तकोशी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

### १. सङ्क्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "कर्मचारी कल्याणकारी कोष सञ्चालन कार्यविधि, २०८१" रहनेछ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

### २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "**कार्यविधि**" भन्नाले "कर्मचारी कल्याणकारी कोष सञ्चालन कार्यविधि, २०८१" लाई बुझाउनेछ।

(ख) "**नगरपालिका**" भन्नाले सप्तकोशी नगरपालिकालाई बुझाउनेछ।

(ग) "**वडा कार्यालय**" भन्नाले सप्तकोशी नगरपालिकाको ११ वडाका वडा कार्यालयहरूलाई बुझाउनेछ।

(घ) "**कोष**" भन्नाले कर्मचारी कल्याणकारी कोषलाई बुझाउनेछ।

(ङ) "**कोष कट्टी**" भन्नाले करारमा कार्यरत कर्मचारीको मासिक तलबबाट कर्मचारी कल्याणकारी कोषमा जम्मा हुने गरी काटिएको निश्चित रकमलाई बुझाउनेछ।

(च) "**उपदान**" भन्नाले करार सेवामा कार्यरत कर्मचारीले सेवाबाट निवृत्त हुँदा कार्यरत अवधिमा निजको तलबबाट निश्चित रकम कट्टी गरी नगरपालिकाले निश्चित रकम थप गरी कर्मचारी कल्याणकारी कोषमा जम्मा गरेको रकममा प्राप्त ब्याज समेत जोडी निजले एकमुष्ठ रूपमा फर्ता प्राप्त गर्ने रकमलाई बुझाउनेछ।

## परिच्छेद-२

### कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

**३. अवधारणाः**

(क) नगरपालिकाको आन्तरिक स्रोतबाट तलव सुविधा प्राप्त गर्ने गरी नगरपालिकाद्वारा करार सेवामा नियुक्त भई नगरपालिका तथा अन्तरगतका वडा कार्यालय, शिक्षण सिकाइ उत्प्रेरक कार्यविधि, २०७७ र विज्ञान प्रयोगशाला प्राविधिक सहायक कार्यविधि, २०८१ बमोजिम विद्यालय, स्वास्थ्य संस्थाहरूमा कार्यरत कर्मचारीलाई सुरक्षित भविष्यको सुनिश्चितता प्रदान गरी सम्पूर्ण कर्मचारीहरूलाई आफ्नो जिम्मेवारी प्रति उत्प्रेरित गरी सेवा प्रवाहको गुणस्तरमा वृद्धि गर्नु कोष स्थापनाको मूल अवधारणा हो ।

**४. लक्ष्यः**

(क) नगरपालिकाको आन्तरिक स्रोतबाट तलव सुविधा प्राप्त गर्ने गरी नगरपालिकाद्वारा करार सेवामा नियुक्त भई नगरपालिका तथा अन्तर्गतका वडा कार्यालय, शिक्षण सिकाइ उत्प्रेरक कार्यविधि, २०७७ र विज्ञान प्रयोगशाला प्राविधिक सहायक कार्यविधि, २०८१ बमोजिम विद्यालय, स्वास्थ्य संस्थाहरूमा कार्यरत कर्मचारीहरू सेवा निवृत्त हुँदा निश्चित रकम उपदानको रूपमा प्रदान गर्नु।

**५. उद्देश्यः**

(क) कर्मचारीको सुरक्षित आर्थिक भविष्यको निर्माण गर्ने,

(ख) कर्मचारीहरूलाई काम प्रति जिम्मेवार बनाई नगरपालिकाबाट प्रवाह हुने सेवाको गुणस्तरियतामा वृद्धि गर्ने,

(ग) प्राविधिक सेवाका कर्मचारीहरूलाई नगरपालिकाको सेवामा आकर्षित गरी प्राविधिक सेवा दिगो बनाउने।

**६. नीतिः**

(क) नगरपालिकाको आन्तरिक स्रोतबाट तलब सुविधा प्राप्त गर्ने गरी नगरपालिकाद्वारा करार सेवामा नियुक्त भई नगरपालिका तथा अन्तरगतका वडा कार्यालय, शिक्षण सिकाइ उत्प्रेरक कार्यविधि, २०७७ र विज्ञान प्रयोगशाला प्राविधिक सहायक कार्यविधि, २०८१ बमोजिम विद्यालय, स्वास्थ्य संस्थाहरूमा कार्यरत कर्मचारीलाई यो सुविधा प्रदान गरिनेछ।

(ख) नेपाल सरकार तथा प्रदेश सरकारको सशर्त बजेटबाट तलब प्राप्त गर्ने कर्मचारी तथा कुनै विशेष प्रोजेक्टबाट भुक्तानी प्राप्त गर्ने गरी करारमा नियुक्त कर्मचारीले यो सुविधा प्राप्त गर्ने छैन।

(ग) यस कोषमा कट्टी हुने रकमको व्ययभार नगरपालिकाको आन्तरिक आयबाट व्यहोरिनेछ।

## परिच्छेद-३

### कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

**७. कोषको स्थापना :**

(क) सप्तकोशी नगरपालिकाको नाममा कर्मचारी कल्याणकारी कोष नाम गरेको एउटा छुट्टै कोषको स्थापना गरिनेछ। जसमा नगरपालिका तथा वडा कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीको मासिक तलवबाट १० प्रतिशत का दरले कट्टी हुने कल्याणकारी कोष कट्टी रकम र सो कट्टी रकममा नगरपालिकाले सोही रकम बराबर थप गरेको रकम जम्मा गरिनेछ।

(ख) उक्त कोष नगरपालिकाले नागरिक लगानी कोषमा कर्मचारी कल्याणकारी कोष खाता खोली सञ्चालन गर्नु पर्नेछ।

**८. कल्याणकारी कोषमा जम्मा गरिने रकम :** कर्मचारी कल्याणकारी कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछः

(क) नगरपालिकाको आन्तरिक स्रोतबाट तलब सुविधा प्राप्त गर्ने गरी नगरपालिकाद्वारा करार सेवामा नियुक्त भई नगरपालिका तथा अन्तरगतका वडा कार्यालय, शिक्षण सिकाइ उत्प्रेरक कार्यविधि, २०७७ र विज्ञान प्रयोगशाला प्राविधिक सहायक कार्यविधि, २०८१ बमोजिम विद्यालय, स्वास्थ्य संस्थाहरूमा कार्यरत कर्मचारीको मासिक तलवबाट १० प्रतिशत का दरले कट्टी हुने कल्याणकारी कोष कट्टी रकम।

(ख) तलवबाट १० प्रतिशत कल्याणकारी कोष कट्टी हुने करार सेवाका कर्मचारीको कट्टी रकममा नगरपालिकाले सोही रकम बराबर थप गरेको रकम।

(ग) कल्याणकारी कोषमा ब्याज बापत प्राप्त हुने रकम।

**९. कोष सञ्चालन**

(क) कोषको लक्ष्य तथा उद्देश्य प्राप्त गर्न सप्तकोशी नगरपालिका स्वयंले कोषको व्यवस्थापन गर्नेछ।

(ख) नियम १० (क) मा परिभाषित कार्य बमोजिम उपदान प्रदान गर्ने बाहेक अन्य प्रयोजनमा यस कोषको रकम प्रयोग गर्न पाइने छैन।

(ग) कोषको आर्थिक तथा प्रशासनिक कार्य नगर कार्यपालिकाको कार्यालयका तोकिएका कर्मचारीबाट हुनेछ। कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत वा आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(घ) कोषको आर्थिक व्यवस्थापन प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानुन बमोजिम हुनेछ।

(ङ) कोषबाट खर्च भएको रकमको जाँचपास तथा फरफारक प्रचलित कानुन बमोजिम हुनेछ। कोषको आन्तरिक लेखा परीक्षण आन्तरिक लेखा परीक्षण शाखाले गर्नेछ।

(च) कोषको अन्तिम लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद-४
## खर्च प्रणाली

**१०. कोषको खर्च प्रणाली**

(क) कर्मचारी कल्याणकारी कोषमा जम्मा हुन आएका रकम देहाय बमोजिमको उपदान प्रदान गर्ने कार्यमा मात्र खर्च गरिनेछः

(१) कल्याणकारी कोष कट्टी हुने कर्मचारी कुनै कारणबाट सेवा निवृत्त भएमा वा करार समाप्त भएमा निजको कोष कट्टी भएको अवधिको कट्टी रकम, नगरपालिकाबाट थप भएको रकम र सो बापत यदि कुनै ब्याज प्राप्त भएको भएमा सो समेत एकमुष्ट हिसाब गरी निज कर्मचारीलाई भुक्तान गर्न।

(ख) कुनै कर्मचारी कल्याणकारी कोषमा रकम जम्मा भएको १ वर्ष नपुगी अगावै सेवाबाट निवृत्त भएमा वा नैतिक पतन देखिने कुनै कसुरमा सजाय पाई सेवाबाट निष्कासित भएमा निजले निजको तलबबाट कट्टी भएको १० प्रतिशत रकम र प्राप्त ब्याज रकम मात्र उपदानको रूपमा पाउने छ। निजको कोषमा नगरपालिकाको तर्फबाट थप भएको रकम भुक्तान गरिने छैन।

(ग) कुनै कर्मचारी सेवा निवृत्त भई वा करार समाप्त भएमा उपदान रकम प्राप्त गर्न निजले नगरपालिकाको आर्थिक प्रशासन शाखामा अनुसूची-१ बमोजिमको कागजात पेश गर्नु पर्ने छ।

(घ) सेवाबाट निवृत्त हुने कर्मचारीले सेवा निवृत्त हुने जानकारी कम्तीमा एक महिना अगावै लिखित रूपमा कार्यालयलाई जानकारी दिनु पर्नेछ। सो अनुसार जानकारी नभएमा कार्यालयको तर्फबाट थप गरिएको १० प्रतिशत रकम उपलब्ध गराइने छैन।

## परिच्छेद-५
## संशोधन, बचाउ र खारेजी

**११. संशोधन, बचाउ र खारेजीः**

(क) कर्मचारी कल्याणकारी कोष सञ्चालन कार्यविधि संशोधन वा खारेज गर्न आवश्यक देखेमा नगर कार्यपालिकाले संशोधन वा खारेज गर्न सक्नेछ।

(ख) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरूको हकमा यस कार्यविधि अनुसार र उल्लेख नभएका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

(ग) यस कार्यविधिमा लेखिएका कुराहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझिएका हदसम्म स्वतः निष्कृय हुनेछ।

(घ) कोष खारेज भएमा कोषमा रहेको सम्पत्ति तथा दायित्व स्वतः नगरपालिकामा सर्नेछ।

## अनुसूची १
### (नियम १० (ग) सँग सम्बन्धित)

१. निवेदन
२. चालू आ.व.को करार सम्झौता/नियुक्ति पत्र,
३. सेवा अवधि प्रमाणित हुने कागजात,
४. नगरपालिकाको सिफारिस,
५. अवकाश पत्र,
६. कल्याणकारी कोषको प्रमाणित बैङ्क स्टेटमेन्ट।

आज्ञाले,
नामः रामदेव चौधरी
प्रमुख प्रशासकीय अधिकृत